**हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**
(साविकको नामः जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)
हात्तिसार, काठमाडौं, नेपाल

# आठौं वार्षिक साधारण सभासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६।०९।०७ गते)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०७६।०९।०६ गते बसेको सञ्चालक समितिको १९६औं बैठकको निर्णयानुसार यस कम्पनीको आठौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७६ साल पौष २८ गते सोमबार (१३ जनवरी २०२०)
समय : बिहान ११:०० बजेदेखि।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं।

**छलफलका विषयहरू**

**(क) साधारण प्रस्ताव**

१) आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणसहितका वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम शेयरधनीहरूलाई चुक्ता पूँजीको १२% प्रतिशतका दरले हुने रू. १,३२,००,००,०००।- (अक्षरेपी एक अर्ब बत्तीस करोड मात्र) बराबर नगद लाभांश (करसहित) वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भएपश्चात् मात्र वितरण गरिनेछ।)*

**(ख) विशेष प्रस्ताव**

१) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७५।१२।१७ गते बारा र पर्सा जिल्लामा आएको भीषण हावाहुरीबाट प्रभावित जनताका लागि राहत प्रदान गर्न सहयोग स्वरूप प्रधानमन्त्री राहत कोष मार्फत् प्रदेश नं. २ को मुख्यमन्त्री राहत कोषमा रू. ४००,०००।- (अक्षरेपी चार लाख मात्र) जम्मा गरिएकोमा सोको अनुमोदन गर्ने।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**वार्षिक साधारणसभासम्बन्धी अन्य जानकारी**

१. यस कम्पनीको आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७६/०९/१७ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ। शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०७६/०९/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ५ (पाँच) कार्य दिनभित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र आठौं वार्षिक साधारण सभामा भाग लिन योग्य मानिने छन्।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ।
४. शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनीको बिस्तृत आर्थिक बिवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभासम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न सकिनेछ अथवा कम्पनीको कार्यालय, हात्तीसार, काठमाडौंबाट लिन सकिनेछ।
५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरू हुने समय भन्दा कम्तिमा ७२ घण्टा अगावै अर्थात मिति २०७६।०९।२५ गते बिहान ११:०० बजेभित्र यस कम्पनीको कार्यालय, हात्तीसार, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र सोही कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।
७. संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।
८. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई सकेसम्म झोला तथा अन्य वस्तुहरू नलिई आउनुहुन अनुरोध गरिन्छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।
९. अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, हात्तीसार, काठमाडौंमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ।

**हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**
हात्तीसार, काठमाडौं, नेपाल
फोन नः ०१-४४४५०१३/१४/१५/१६
फ्याक्सः ०१-४४४५०१७, इमेलः info@hidcl.org.np
वेबसाइटः www.hidcl.org.np